# खानेपानी, सरसफाइ तथा स्वच्छता

## क्षेत्रगत वित्तीय रणनीति तर्जुमा प्रकृया र पद्धति सम्बन्धी

## हाते पुस्तिका



# खानेपानी, सरसफाइ तथा स्वच्छता
# क्षेत्रगत वित्तीय रणनीति

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना कार्यान्वयन सहजीकरणको निम्ति प्रमुख सामाग्री

# कृतज्ञता ज्ञापन

नेपालको संविधानको धारा ३५ (४) र संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य ६ अनुसार प्रत्येक नागरिकमा सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच सुनिश्चित गर्न नेपाल नगरपालिका संघले नीतिगत पैरवी, कानुनी तथा प्राविधिक सहयोग, क्षमता विकास, स्रोत परिचालन, र संजालिकरणमार्फत निरन्तर महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

हाल देशभरका गाउँपालिका तथा नगरपालिकाहरूमा स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) तर्जुमा तथा यसको प्रभावकारी कार्यान्वयनमा तीनै तहका सरकारहरू संलग्न छन्। यी योजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्न वित्तीय स्रोतको स्पष्ट पहिचान, उपलब्ध स्रोतहरूको अधिकतम उपयोग तथा वित्तीय खाडल पूर्तिका लागि ठोस रणनीति आवश्यक हुन्छ। यसै आवश्यकतालाई सम्बोधन गर्न नेपाल नगरपालिका संघले "खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत वित्तीय रणनीति तर्जुमा प्रक्रिया र पद्धति सम्बन्धी हाते पुस्तिका" तयार गरेको हो ।

यस पुस्तिकाले स्थानीय तहलाई वित्तीय स्रोत पहिचान, सदुपयोग र रणनीति विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसमा समावेश प्रक्रिया, विधि, पद्धति, र उपकरणहरूको प्रयोग तथा परीक्षणका आधारमा केहि नगरपालिकाहरूमा नगरस्तरीय वास क्षेत्रगत रणनीतिको खाका तयार भइसकेको छ, जुन अन्य स्थानीय सरकारहरूका लागि पनि उपयोगी हुन सक्दछ ।

यस पुस्तिका तयारीमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने युनिसेफ प्रति नेपाल नगरपालिका संघ विशेष आभार व्यक्त गर्दछ। साथै, वित्तीय रणनीति तर्जुमा, प्रक्रिया, विधि तथा उपकरणहरूमा प्राविधिक सहजीकरण गर्नुहुने खानेपानी मन्त्रालयका सि.डि.इ. डा. रजित ओझा, सि.डि.इ. मधुसुधन खनाल, इ. मिलन जोशी तथा विषय विज्ञ राजिव घिमिरे र बलराम मायालुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

यस हाते पुस्तिकाले स्थानीय सरकारका नीति निर्माता, जनप्रतिनिधि, योजनाविद् तथा सरोकारवालाहरूलाई खानेपानी तथा सरसफाइ क्षेत्रमा मार्गदर्शन प्रदान गर्नुका साथै प्रभावकारी नीति निर्माण र कार्यान्वयनमा सहजता ल्याउने विश्वास लिएको छु ।

..............................................

अध्यक्ष
**भीम प्रसाद ढुंगाना**
नेपाल नगरपालिका संघ

# विषय सुची


पृष्ठभूमी ........ ४

तयारी चरण ........ ५

प्रथम चरण- वास योजनाः तथ्यांक श्रोत ........ ५

दोस्रो चरण- खर्च प्रवृत्तिको पहिचान (Expenditure trend) ........ ५

तेस्रो चरण- लगानीको विकल्प र लगानीबाट प्राप्त हुन सक्ने लाभको पहिचान ........ ७

वित्तीय हस्तान्तरण ........ ७

कर (पालिकाको आन्तरिक श्रोत) ........ ७

महसुल (Tariffs) ........ १०

पुनर्भुक्तानी सहितको लगानी (Repayable financing) ........ ११

स्व-आपूर्ति स्व-लगानी (Self–supply) ........ १२

Annex IM Barrier Questionnaire ........ १४

Annex IIM Question Hierarchy and Strategy flow charts ........ १६

Tax ........ १६

Tariff ........ १७

Transfer ........ १८

Repayable Financing ........ २०

Self Supply ........ २०

# चित्रहरूको सुची


चित्र १ योजना निर्माणका चरणहरू ........ ४

चित्र २ Bridging the financing gap from repayable financing (SourceM OECD) ........ ६

चित्र ३ Barrier and mitigation analysis ........ ६

चित्र ४ पैरवीका चरणहरू ........ ८

चित्र ५ पैरवीका चरणहरू ........ १०

चित्र ६ पुनर्भुक्तानी सहितको लगानीका चरणहरू ........ १२

चित्र ७ स्व-आपूर्ति स्व-लगानीका चरणहरू ........ १३

## पृष्ठभूमी

नेपाल सरकारले दिगो विकास लक्ष्य ६.१ र ६.२ को स्थानीयकरणका लागि स्थानीय तहहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा बलियो प्रणालीगत सहयोगको पहल गरिरहेको छ। स्थानीय 'खानेपानी, सरसफाइ र स्वच्छता (वास) योजना मार्फत यो सहयोग प्रकृया अगाडी बढिरहेको छ। योजना निर्माणमा अबलम्बन गरिने चरणहरूलाई चित्र नं १ मा प्रस्तुत गरिएको छ।




*चित्र १ योजना निर्माणका चरणहरु*

वास योजनाको सफल कार्यान्वयनको लागि योजनाअनुरुपको लगानी प्रत्याभूति र नीतिगत, कानूनी तथा संस्थागत संरचना सहित ऐन, नियमावली र मार्गदर्शनहरू उपलब्ध हुनु अत्यन्त आवश्यक रहन्छ।

खानेपानी, सरसफाइ र स्वच्छता (वास) क्षेत्रगत सूचना व्यवस्थापन प्रणाली (ल्छब्क्ज-ःक्ष) ले वास योजनाको अवयवहरूमा दिगो विकास लक्ष्य ६.१ र ६.२ प्राप्तिका निम्ति जीवनचक्र लागत (षिभअथअभि अयकत) विधि लागू गरेको छ। वास योजनामा खर्च वर्गिकरण गर्दा पूँजीगत लगानी खर्च, मर्मत तथा संचालन खर्च र अन्य खर्चहरू जस्तै क्षमता विकास र मानव संसाधनका आवश्यक खर्चहरू समावेश भएको छ। वास योजनामा परिकल्पना गरिएका खर्चहरू परिपूर्तिका लागि सम्भावित लगानीका स्रोतहरूको पहिचान पूर्व शर्त हुन्छ। यो हाते पुस्तिकाले स्थानीय सरकारको खर्च वर्गिकरणमा एकरुपता एवं खर्चको प्रवृत्तिको पहिचान गर्दै सम्भाव्य लगानीका स्रोतहरूको उच्चतम उपयोग गर्न ठोस रणनैतिक मार्गदर्शन प्रदान गर्दछ।

## तयारी चरण

### पूर्व शर्तः

१. स्थानीय रुपमा छलफल भई वास योजना तर्जुमा भएको र सबै सरोकारवालाहरू यस सम्बन्धमा जानकार रहेको।

**पूर्णता परीक्षण:**

१. प्राथमीकिकरण प्रकृया पूरा भइसकेको वा भइनसकेको;

२. स्थानीय कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरूमा वास योजनाको आधारभूत जानकारी रहेको वा नरहेको ।


३. क्रियाकलापहरूको संक्षेपीकरण सहित हरेक क्रियाकलापहरूमा आवश्यक पर्ने लागत र लगानी विकल्पहरू तयार भइसकेको वा नभएको;

## प्रथम चरण- वास योजना: तथ्यांक श्रोत

यस क्रियाकलाप अन्तर्गत; वास योजना अनुरुपको वार्षिक लागतको खण्डिकृत तथ्यांकको आवश्यकता पर्दछ । सो तथ्यांकको आधारमा वर्षेनी खानेपानी र सरसफाइ (घरायसी चर्पी र अन्य सेवा श्रृंखला खर्च), विद्यालय वास र स्वास्थ्य संस्थाहरूको वास लगायत सार्वजनिक शौचालयहरूको निम्ति कति लगानी आवश्यक पर्दछ भन्ने बारे छलफल चलाउनु पर्दछ । ल-ष्ब्कज सूचना प्रणाली प्रयोग गरी निर्माण भएका वास योजनाहरूमा यस किसिमका तथ्याङकहरू उपलब्ध भएतापनि ती तथ्याङ्कहरू व्यवहारिक नभएको खण्डमा यसलाई सुधार गर्ने क्रियाकलाप यस चरणभित्र पर्दछ ।


## दोस्रो चरण- खर्च प्रवृतिको पहिचान (Expenditure trend)

स्थानीय तहहरूमा वास क्षेत्रमा गरिने खर्च प्रवृत्ति (तचभलम) को विष्लेषण गहन रूपमा गरिनु आवश्यक हुन्छ । यस सम्बन्धी कार्यहरूको सुरूवात हालसम्म प्राथमिक चरणमै रहेको हुँदा यसभित्र खर्च प्रवृतिसम्बन्धी आवश्यक तथ्याङ्कहरू उपलब्ध नहुने सम्भावना समेत प्रवल रहन्छ । यस रणनीति निर्माणका सहजकर्ताले सम्वन्धित पालिकाको अवस्था अनुसार खर्च अनुमान गर्न सकिने विधिको निर्माण दोश्रो चरण अन्तर्गत पर्दछ ।




चित्र २ *Bridging the financing gap from repayable financing (Source: OECD)*

पालिकाले अभिलेख राखेका तथ्याङ्कहरूको अवस्था अनुसार अनुमान गरिने विधि पालिकापिच्छे फरक हुन सक्दछ। अभिलेख राख्नुपर्ने तथा अनुमान गर्नुपर्ने तथ्याङ्कहरू चित्र नं. २ र ३ मा प्रस्तुत गरिएको छ।




*चित्र 3 Barrier and mitigation analysis*

## तेस्रो चरण- लगानीको विकल्प र लगानीबाट प्राप्त हुन सक्ने लाभको पहिचान

लगानी विकल्पहरूको पहिचान गर्दा निकै मिहिनताका साथ लगानी क्षेत्र कसरी चयन गरिने गरेको छ र यसका पूर्व शर्तहरू के के रहने गरेका छन् भन्ने बारे जानकार हुनु पर्दछ।

## वित्तीय हस्तान्तरण

स्थानीय तहहरूमा हस्तान्तरणबाट प्राप्त हुने रकम मुख्यतया संघीय र प्रादेशिक सरकारहरू मार्फत आउने गर्दछन्। त्यसैले हरेक स्थानीय सरकारहरूले आ-आफ्नो वास योजना बारे प्रभावकारी रुपमा संघीय र प्रादेशिक सरकारलाई जानकारी गराउनु आवश्यक हुन्छ। हस्तान्तरणबाट प्राप्त हुने रकम वा लगानी वृद्धिका निम्ति तहगत सरकारहरू बीच छलफल हुनु पर्ने केही प्रमुख विषयहरू रणनीतिको रूपमा समावेश गर्न सकिन्छ।

१. स्थानीय सरकार र प्रदेश तथा संघीय सरकार बीचको वास योजना सम्बन्धी संवाद

२. प्रदेश र संघीय बजेटको निर्माण प्रकृयामा स्थानीय तहहरूको संलग्नता र प्राथमीकिकरणमा वास योजना उपयोग सम्बन्धी पैरवी

३. सहलगानीको सम्भाव्यता सम्बन्धी छलफल

*पुनश्चः उपरोक्त बूँदाहरू उदारणका निम्ति मात्र प्रस्तुत गरिएका हुन्। स्थानीय पालिकाको अवस्था अनुसार रणनीतिहरू फरक समेत हुन सक्दछन्।*

## कर (पालिकाको आन्तरिक श्रोत)

पालिकाको आन्तरिक श्रोतबाट व्यवस्था गरिने वित्तीय लगानीका पूर्व शर्त स्थानीय सरकारको राजनैतिक इच्छाशक्ति हो । तथापि, वास क्षेत्रगत वित्तीय लगानीमा आन्तरिक श्रोतको प्रयोग वृद्धि गर्न निम्न तथ्यहरूमा ध्यान दिनु पर्ने हुन्छ;




*चित्र ४ पैरवीका चरणहरु*

राजनैतिक संवेदीकरण (Political Sensitization) का निम्ति स्थानीय सरकारहरूले निम्न प्रकृयागत चरणहरू पालन गर्न सक्दछन् ।

- सम्वन्धित स्थानीय सरकार र सरोकारवालाहरू लगायत सबै वार्ड अध्यक्षहरू वास योजनाको प्रावधान र प्रकृयाहरूसँग पूर्ण रुपमा परिचित हुनु पर्दछ र यसको महत्वबारे अवगत हुनुपर्दछ । सहजकर्ता वा सर्वेक्षकले सो सम्बन्धमा गरिएका सबै किसिमका परामर्श र सो परामर्शबाट आएका परिणामका बारेमा मिहिनताका साथ अन्तरक्रिया गरी योजना चरणमा छुट्न गएका विषयवस्तु तथा प्रकृयाहरू पहिचान गर्नु पर्दछ । अन्यथा, वित्तीय लगानी सुनिश्चित गर्नका निम्ति व्यवधान खडा हुन सक्दछ । सहजकर्ता वा सर्वेक्षकले छुटेका प्रकृयाहरू निश्चित गरी पत्ता लगाएमा, ती छुटेका प्रकृयाहरू सहित प्रकृया चक्र पूरा गर्ने जिम्मेवारी स्थानीय सरकार र माथि उल्लेख गरिएका सरोकारवालाहरूको रहन्छ ।

*प्रकृयागत चरणहरू पूरा गर्न अपनाउनु पर्ने सामान्य जिम्मेवारी निम्न अनुसारको हुनेछ;*

| छुट्न सक्ने क्षेत्र | क्षमता अभिबृद्धि सहित जवाफदेहि हुनुपर्ने आधिकारिक पदाधिकारी वा संस्था |
|---|---|
| लक्ष्य निर्धारणका निम्ति परिदृश्य सहित (Visioning Workshop) आरम्भिक प्रकृया | खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सम्पर्क व्यक्तिः यदि सम्वन्धित स्थानीय तहकै वास सम्पर्क व्यक्ति (WASH focal person) वास योजनाको बारेमा पूर्ण जानकार नभएको अवस्थामा प्रदेश वा संघीय तहबाट नीजको क्षमता अभिभृद्धि गरिनु जरुरी छ। सो विषय रणनीतिको रूपमा समावेश गरिनु पर्दछ। |
| तथ्यांक संकलन | सबै खालको तथ्यांक संकलनको सुनिश्चितताका निम्ति मेयर र वार्ड अध्यक्ष लगायत सबै राजनैतिक प्रतिनिधिहरू जिम्मेवार रहनु आवश्यक छ। यसका निम्ति नेपाल नगरपालिका संघसँगको सहकार्यमा आपसी सिकाइ (Peer–to–peer learning) का अभ्यासहरूलाई रणनीतिको रूपमा अवलम्बन गर्न सकिन्छ। |
| तथ्यांकको समिक्षा र सम्पादन | तथ्यांक संकलन पश्चात प्रत्येक सूचकहरूमा आधारित रही वास सम्पर्क व्यक्तिले सूचना प्रविधिको (IT support) सहयोगमा तथ्यांको पुनरावलोकन समिक्षा गर्नु आवश्यक छ। सो का निम्ति क्षमता अभिबृद्धिमा प्रदेश र संघीय सरकारहरूको सहयोगको माग रणनीति अन्तर्गत समावेश हुन सक्दछ। |
| तथ्यांक प्रमाणीकरण र आयोजना प्राथमिकीकरण | यसका निम्ति मेयर र वार्ड अध्यक्ष लगायत सबै राजनैतिक प्रतिनिधिहरू जिम्मेवार रहनु आवश्यक छ। सम्बन्धीत स्थानीय तहको वार्षिक र आवधिक योजनाहरूसँगको तालमेल बारे छलफल गरिने विषय रणनीति अन्तर्गत समावेश हुन सक्दछ। |

- **वार्षिक कार्यक्रममा सहमतिः**

  NWASH सूचना प्रणालीमा योजना तथा कार्यक्रमहरू प्रविष्ट भईसकेपछि सम्वन्धित स्थानीय तहको राजनैतिक नेतृत्वबाट पालिकाको आन्तरिक श्रोत तथा अन्य वैकल्पिक लगानीका उपायहरूको खोजी गर्नुपर्दछ। सम्वन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतले पालिकाको आन्तरिक श्रोतहरूको व्यवस्था र सम्भावनाको खोजी गर्ने विषय रणनीति अनुरूप समावेश गर्न सकिनेछ।

  आन्तरिक श्रोत व्यवस्थापनका निम्न अनुसारका वैकल्पिक उपायहरूलाई रणनीतिको रूपमा समावेश गर्न सकिनेछ।

- लैंगिक समानता र सामाजिक समावेशिकरण (GESI) बजेटको उपयोगः यस किसिमको बजेट निम्न रुपमा उपयोग गर्न सकिनेछः

  क. सिमान्तीकृत समुदायमा अनुदान व्यवस्था (लक्षित वित्तीय लगानी)

  ख. रोजगारी सृजना र उद्यमशीलता अभिबृद्धी_ यस अन्तर्गतका कार्यहरू वाह्य श्रोतमार्फत गराउने

  ग. सेवा पहुँचको सृजना गर्ने (उदाहरणको लागिः अपांगता मैत्री विद्यालय/स्वास्थ्य संस्थाहरू/सरसफाइ तथा स्वच्छता सुविधाहरू_ सार्वजनिक शौचालयहरू आदि)

- **जलवायु सम्बन्धी बजेटको उपयोगः**

  क. पानीको श्रोत अवस्थित क्षेत्रमा श्रोत संरक्षणको कार्य सहित जैविक विविधता सुधार कार्यक्रम

- उद्यमशीलता विकास र नीजि क्षेत्र संलग्नता सम्बन्धी बजेटको उपयोगः

  क. परीक्षण उपकरणका लागि

  ख. सामग्री उत्पादनका लागि

  ग. प्लम्बर, डकर्मीका लागि

  घ. लेदोजन्य पदार्थ (क्गिमनभ) व्यवस्थापन कार्यका लागि

  ङ. स्वच्छता सामग्री उत्पादकहरूका लागि

## महसुल (Tariffs)

स्थानीय सरकारको प्रमुख आय श्रोतको रुपमा रहने महसुलको पूर्ण परिचालनका निम्ति निम्न आधारहरू पूरा भएको हुनु पर्छ।

- महसुल संकलन सम्बन्धी नियमावली तयार भए नभएको साथै सो को उच्चतम परिचालन बारे प्रशस्त छलफल र विश्लेषण भए नभएको स्पष्ट हुनुपर्दछ। यसलाई रणनीतिको रूपमा समावेश गर्नुपर्दछ।

खानेपानी, सरसफाइ र स्वच्छताको सन्दर्भमा सम्वन्धित स्थानीय सरकारको वास ईकाइ वा वास सम्पर्क व्यक्ति (WASH unit ÷WASH focal person) खानेपानी वा सरसफाइ सेवा महसुलको नियमन तथा सो को जानकार सम्बन्धमा जिम्मेवार हुनुपर्दछ। यी सवै कृयाकलापहरू प्राभावकारी रुपमा अगाडि बढाउनका निम्ति स्थानीय सरकारको क्षमतामा सुदृढिकरण हुनु अत्यन्त जरुरी रहन्छ।




*चित्र ५ पैरवीका चरणहरु*

माथि उल्लेख गरिए अनुरुप नियमन प्रणालीलाई सुदृढिकरण गर्ने हेतु प्रथम शर्त अनुरूप सम्वन्धित स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता शाखा वा ईकाइ (वास युनिट) गठन र संचालन भएको हुनुपर्दछ। धेरै जसो स्थानीय तहहरूमा वास ईकाइको प्रमुखलाई मूख्य कार्य सम्पादनका सूचकहरू (key performance indicators –KPIs) को बारेमा राम्ररी थाहा नभएको हुन सक्दछ। पानीको गुणस्तर (Quality) र सेवा स्तर (Service Level) परिणाम जनाउने सूचकहरू हुन् भने महसुल नउठ्ने पानी (Non–Revenue Water), संचालन र आम्दानीको अनुपात (operation–to–revenue ratio) र गुनासो व्यवस्थापन (Grievance Handling) जस्ता सूचकहरूले प्रकृयालाई प्रतिबिम्बित गर्दै सेवा स्तरको सुनिश्चित गर्दछन्। यी सबै सूचकहरू महसुलमा आधारित हुने हुँदा स्थानीय तह खानेपानी तथा सरसफाइ क्षेत्रको महसुल मार्फत उठ्ने आम्दानी रकमले सेवा स्तरमा कति पभाव पार्दछ भन्ने कुरामा स्पष्ट हुन आवश्यक छ। महसुलले नविनतम लगानी मोडेल जस्तै पुनर्भुक्तानी सहितको लगानी (Repayable Financing) जस्ता नविनतम लगानी मोडेलहरूमा प्रभाव पार्न सक्ने हुँदा वास योजनाको प्रमुख अवयवको रूपमा रहेको महसुलको उच्चतम निर्धारणमा अधिकतम् छलफल र परामर्श हुनु पर्दछ।

## पुनर्भुक्तानी सहितको लगानी (Repayable financing)

पुनर्भुक्तानी सहितको लगानी भन्नाले निश्चित समय भित्र फिर्ता गर्ने गरी प्राप्त हुने कोषलाई जनाउँछ। विशेष गरी नगर विकास कोष (Town Development Fund – TDF) लगायतका पूर्वाधार विकासमा वित्तीय लगानी गर्ने अन्य ऋण प्रदायक संस्थाहरू यस अन्तर्गत पर्दछन।

स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) पूर्वाधार निर्माणमा आवश्यक पर्ने ठूलो मात्राको वित्तीय श्रोतको अपुग (funding gaps) रहने अवस्थामा यस्तो किसिमको अपुग वित्तीय अन्तर पूर्ति गर्न पुनर्भुक्तानी सहितको लगानी महत्वपूर्ण हुन आउँछ। यसमा विशेष गरी तीन संभागहरू रहन्छन्। ऋण संयन्त्र

(loan mechanisms), आयोजना अध्ययन प्रावधान (project assessment criteria) र पुनर्भुक्तानी योजना (repayment planning)। यस सम्बन्धमा स्थानीय सरकारहरूको उचित बुझाइ र सोही किसिमको पहल हुन सकेमा प्रत्यक्ष रुपमा आयोजनाको दिगोपनमा ठूलो प्रभाव पर्दछ।

पुनर्भुक्तानी सहितको वित्तीय लगानी बढोत्तरीको लागि स्थानीय सरकारहरूले निम्न अनुसारका नीति तयारी र पहल गर्दै रणनीतिको रूपमा पैरवी गर्नुपर्दछ;

- प्राविधिक रूपमा संभाव्यता रहेको र राजस्व संकलनको बलियो संभावना भएको विशेष किसिमका आयोजनाहरू निश्चित समयावधिभित्र भुक्तानी फिर्ता गर्ने गरी संस्थागत ऋण मार्फत निर्माण गर्ने
- खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रमा लगानी गर्ने र ऋण प्रवाह गर्ने संस्थाहरूको पहिचान गरी समन्वय र सहकार्य गर्ने
- महसुलको संरचना अनुरुप स्पष्ट पुनर्भुक्तानी रणनीतिहरूको विकास गर्ने
- ऋण प्रवाह सम्बन्धी शर्तहरू र परिपालनका संयन्त्रहरूको सुनिश्चित गर्ने




*चित्र ६ पुनर्भुक्तानी सहितको लगानीका चरणहरु*


## स्व-आपूर्ति स्व-लगानी (Self–supply)

घरायसी तहमा खानेपानी र सरसफाइ सेवा तथा संरचनाहरूको व्यवस्थापन र सुधार गर्ने जिम्मेवारी स्वयं घरधुरीकै हुने भएकोले यसमा आवश्यक पर्ने वित्तीय श्रोत तथा लगानीको व्यवस्था पनि सोही समुदाय र घर परिवारकै रहने गर्दछ। यस्तो खालको वित्तीय लगानीलाई स्व-आपूर्ति वा स्व-लगानी भनिन्छ। यो अवधारणा सार्वजनिक सेवा प्रवाहमा पनि लागू हुने गर्दछ।

लगानी-प्रभावकारिताको दृष्टिबाट केन्द्रिकृत प्रणालीहरूको पहुँच र सम्भावना नहुने क्षेत्रहरूमा स्व-आपूर्ति वा स्व-लगानी संयन्त्र निम्ति उपयुक्त मानिन्छ। स्व-आपूर्ति वा स्व-लगानीका मुख्य अवयवहरूभित्र नियमन ढाँचा (regulatory frameworks), अनुगमन प्रणाली र प्रवर्तन संयन्त्रहरू (enforcement mechanisms) पर्दछन् ।प्रभावकारी नियमन र सहयोग उपलब्ध हुन नसकेमा स्व-आपूर्ति वा स्व-लगानी दिगो नहुन सक्छ अथवा गुणस्तर मापदण्ड कायम नरहन पनि सक्दछ।

स्व-आपूर्ति वा स्व-लगानीको व्यवस्थापन र प्रभावकारिता अभिबृद्धिका निम्ति स्थानीय सरकारहरूले निम्न अनुसारका नीतिको तयारी र पहल गर्नुपर्दछ;

- आयोजना निर्माण र संचालन सम्बन्धी स्पष्ट निर्देशिका र मापदण्ड
- नियमित अनुगमन तालिका र गुणस्तर परीक्षणको प्रोटोकल सम्बन्धी व्यवस्थाको स्थापना
- स्थानीय नियमनको आधारमा पुरस्कार र सजाय सहितको सन्तुलित प्रणालीको कार्यान्वयन
- प्राविधिक सहायता र अनुगमन सम्बन्धी क्षमता अभिबृद्धि
- खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रगत वित्तीय लगानीमा स्व-आपूर्ति वा स्व-लगानी सम्बन्धी व्यवस्था र सम्वन्धित स्थानीय तहको खानेपानी, सरसफाइ र स्वच्छता योजना (वास प्लान) बीचको तालमेल र समन्वयका निम्ति संयन्त्रको स्थापना।




*चित्र ७ स्व-आपूर्ति, स्व-लगानीका चरणहरु*

# Annex I: Barrier Questionnaire

| | |
|---|---|
| (yellow) | Follow up questions (conditional) |
| (red) | Analysis |
| (green) | Explanation |
| (white) | Mandatory Questions |

| Theme | Question /Activity | Question_Code | Response Type |
|---|---|---|---|
| TAX | | | |
| 1 | Has there been a deviation between the planned financial requirements and actual expenditure? | Q_Tax1 | Y/N |
| 2 | If No, What is the expected trend, how can it be sustained (Discussion agenda in the workshop | Q_Tax1.1 | Text |
| 3 | Was the WASH plan properly discussed during preparation? | Q_Tax1.2 | Y/N |
| 4 | If yes, How was it discussed (Method used) | Q_Tax1.2.1 | Text |
| 5 | Has the municipality explored all potential tax revenue streams for WASH funding? | Q_Tax1.3 | Y/N |
| 6 | If yes, what are the options explored ? | Q_tax1.3.1 | Text |
| 7 | If No, What could be the options that can be utilized ? | Q_tax1.3.2 | Text |
| 8 | LIST of options will be explained | | LIST |
| 9 | From the explained list, what options are feasible in municipal context ? | Q_tax1.3.3 | Text |
| 10 | Based on the answer, an analysis will be performed and following follow up questions will be assessed | | Analysis |
| 11 | *Are there any untapped or underutilized tax sources that could be directed towards WASH initiatives?* | *Q_tax1.3.4* | *Y/N* |
| 12 | *Has the municipality considered using GESI budget for WASH OPEX improvements?* | *Q_tax1.3.5* | *Y/N* |
| 13 | Is there potential to use climate budget allocations for WASH CAPEX or CAPMANEX, particularly for source conservation? | *Q_tax1.3.6* | Y/N |
| 14 | Have there been discussions about earmarking specific budgets for WASH initiatives? | *Q_tax1.3.7* | Y/N |
| 15 | Has the municipality explored public-private partnerships for WASH initiatives? | *Q_tax1.3.8* | Y/N |
| 16 | Are there opportunities for accessing national or international grants for WASH projects? | *Q_tax1.3.9* | Y/N |
| 17 | Has the municipality considered issuing municipal bonds or other financial instruments to fund WASH initiatives? | *Q_tax1.3.10* | Y/N |
| 18 | Are ward-level political leaders fully aware of the WASH plan and its financial implications? | *Q_tax2* | Y/N |
| 19 | if yes, what is the level of awareness ? (by asking individual ward member question) | *Q_tax2.1* | Text |
| 20 | Are there systems in place to track the effectiveness of WASH investments? | *Q_tax3* | Y/N |
| 21 | If available, what kind of mechanism is in place? | *Q_tax3.1* | Text |
| | TARIFF | | |
| 1 | Is tariff reflected Covering all the OPEX on the WASH plan? | Q-tariff1 | Y/N |
| 2 | Has tariff been able to cover all the OPEX of existing WASH infrastructure? | Q_tariff1.1 | Y/N |
| 3 | If yes, does it also cover manitenance cost ? | Q_tariff1.1.1 | Text |
| 4 | If yes, is there any saving (O&M fund) ? | Q_tariff1.1.1.1 | Text |
| 5 | Whether KPI's has been linked with Tariff ? | Q_tariff1.2 | Y/N |
| 6 | If yes what are the set of KPIs linked in tariff ? | Q_tariff1.2.1 | Text |
| 7 | Whether business plan exists within service providers? | Q_tariff1.3 | Y/N |
| 8 | If yes, is it being implemented ? (in what form) | Q_tariff1.3.1 | Text |
| 9 | Is there a service povision? | Q_tariff3 | Y/N |
| 10 | if yes, what kind of provision does exist? | Q-tariff3.1 | Text |
| 11 | Is there a licencing provision? | Q_tariff4 | Y/N |
| 12 | if yes, what kind of provision does exist? | Q_tariff4.1 | Text |

| | |
|---|---|
| (yellow) | Follow up questions (conditional) |
| (dark red) | Analysis |
| (light green) | Explanation |
| (blank) | Mandatory Questions |

| Theme | Question /Activity | Question_Code | Response Type |
|---|---|---|---|
| 13 | Is there a regulatory provision? | Q_tariff5 | Y/N |
| 14 | if yes, what kind of provision does exist? | Q_tariff5.1 | Text |
| 15 | Whether the Regulating entity and service provider sit together to discuss on the service provision or not? | Q_tariff6 | Y/N |
| TRANSFER | | | |
| 1 | Is the municipality aware of all available transfer mechanisms for WASH funding? | Q_TR1 | Y/N |
| 2 | What are the available options for transfer mechanism ? | Q_TR1.1 | Text |
| 3 | Is there a dedicated team or person responsible for identifying and securing transfer funds? | Q_TR2 | Y/N |
| 4 | Has the municipality successfully applied for national grants for WASH projects in the past year? | Q_TR3 | Y/N |
| 5 | Has the municipality received any intergovernmental transfers specifically for WASH initiatives? | Q_TR4 | Y/N |
| 6 | Are there clear guidelines on how to access and utilize transfer funds for WASH projects? | Q_TR5 | Y/N |
| 7 | Does the municipality have a strategy to blend transfer funds with other financing mechanisms? | Q_TR6 | Y/N |
| 8 | Are there performance-based transfer mechanisms available for WASH initiatives? | Q_TR7 | Y/N |
| 9 | Has the municipality explored international donor funding for WASH projects? | Q_TR8 | Y/N |
| 10 | Has the municipality leveraged matching grants for WASH initiatives? | Q_TR9 | Y/N |
| REPAYBLE FINANCING | | | |
| 1 | Do you know the existence of entity like TDF fund in WASH? | Q_REPAY1 | Y/N |
| 2 | What knowledge do you have about These institutions ? | Q_REPAY1.1 | Text |
| 3 | Have you seperated which projects are credit worthy and which are not? | Q_REPAY2 | Y/N |
| 4 | Methodology of the credit worthy ness check? | Q_REPAY2.1 | Text |
| 5 | Has the municipality explored low-interest loans for WASH infrastructure development? | Q_REPAY3 | Y/N |
| 6 | How has it explored | Q_REPAY3.1 | Text |
| 7 | Is there a clear repayment strategy for any loans taken for WASH projects? | Q_REPAY4 | Y/N |
| 8 | Is there any document ? | Q_REPAY4.1 | Text |
| SELF SUPPLY | | | |
| 1 | Is the regulation proper for self supply solutions? | Q_SS1 | Y/N |
| 2 | How ? | Q_SS1.1 | Text |
| 3 | Are the monitoring frequency decided for self supply solutions | Q_SS2 | Y/N |
| 4 | How ? | Q_SS2.1 | Text |
| 5 | Are the reward and punishments legalized for self supply solutions? | Q_SS3 | Y/N |
| 6 | How ? | Q_SS3.1 | Text |

# Annex II: Question Hierarchy and Strategy flow charts

## Tax





*Figure 9: Tax QnA-Strategy flowchart*





*Figure 10: Tax-Political Commitment*





*Figure 11: Tax-Tracking*

# Tariff





*Figure 12: Tariff QnA-Strategy flowchart*






*Figure 13: Tariff QnA-Strategy flowchart*

## Transfer







*Figure 14: Transfer QnA-Strategy flowchart*

# Repayable Financing





*Figure 15: Repayable Financing QnA-Strategy flowchart*

# Self Supply





*Figure 16: Self Supply QnA-Strategy flowchart*

# टिप्पणी



# खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रगत वित्तीय रणनीति

खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) योजना कार्यान्वयन सहजीकरणको निम्ति प्रमुख सामाग्री


नेपाल नगरपालिका संघ
**Municipal Association of Nepal (MuAN)**
530 Pandol Marg, Lazimpat, P.O.Box: 14286, Kathmandu, Nepal
Tel.: (977-1) 4525692, 4520559, 4518671
Email: info@muannepal.org.np, muan@ntc.net.np
Web: www.muannepal.org.np


unicef
for every child